| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या पुरुष Male | माग संख्या महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब रिगिंट RM | मासिक तलब ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | जेनेरल वोर्कर General Worker | १० 10 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४४,८९० 44,890 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट**: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

| कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund | ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it | रोजगारदाताले ब्यहार्ने By the Employer |
|---|---|---|---|

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

SWIFT H.R. SOLUTION PVT.LTD does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

Interview will be conducted on 10th January, 2023 in office premisees.
अन्तर्वाता मिति २०७९ पौष २६ गते कार्यालय परिसरमा हुनेछ ।

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम इजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## मौसमी कामदार छनोटमा आशंका

बेलायतसहित युरोपेली मुलुकहरू तथा दक्षिण कोरियालगायतका मुलुकमा नेपालीहरू मौसमी कामदारका रूपमा जाने गरेका छन् । छोटो अवधिको रोजगारीका लागि यो निकै आकर्षक मानिँदै आएको छ । मौसमी कामदारको भिसामा अधिकांश व्यक्तिगतरूपमा तथा दलालीको सहयोगमा रोजगार गन्तव्य मुलुक पुग्ने गरेका छन् । कतिपय भने स्थानीय तहहरूमार्फत गन्तव्य मुलुक पुग्ने गरेका थिए । यसरी जाने कामदारले छ महिना त्यहाँ काम गर्न पाउँछन् । मौसमी कामदारको भिसामा निःशुल्क जान पाइने भए पनि दलालको फन्दामा परेर मोटो रकम खर्च गरेर जानुपर्ने बाध्यता छ । सरकारले पनि यसरी जाने कामदारहरूलाई वैदेशिक रोजगारीको दायराभित्र ल्याउन सकेको थिएन ।

तर, अब भने मौसमी कामदारलाई पनि औपचारिक रूपमा वैदेशिक रोजगारभित्र समेट्ने भएको छ । सरकारले छोटो अवधिका लागि वैदेशिक रोजगारीमा जानेहरूलाई व्यवस्थापन गर्ने उद्देश्यले 'मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९' जारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रिपरिषद्को स्वीकृतिपश्चात् विदेश जाने मौसमी कामदारका लागि वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२ (क) को उपनियम (१) को अधिकार प्रयोग गरी उक्त निर्देशिका जारी गरेको हो ।

मौसमी कामदारका रूपमा विदेश पुगेपछि आकर्षक कमाइको प्रलोभनमा परेर भाग्ने, ठगिने, गम्भीर बिरामी हुने, अलपत्र पर्ने र विविध परिबन्धमा जेल पर्नेलगायतका समस्या बढ्न थालेपछि मौसमी रोजगारलाई व्यवस्थित र सुरक्षित बनाउन निर्देशिका ल्याइएको मन्त्रालयको भनाइ छ । निर्देशिकामा वैदेशिक रोजगार ऐन २०६४ को दफा ३ र ६ अनुकूल हुनेगरी नेपाली नागरिकले मौसमी रोजगारीको लागि वैदेशिक रोजगार प्राप्त गर्न सक्ने देखिएमा श्रम मन्त्रालयले सम्बन्धित मुलुकसँग छलफल गरी द्विपक्षीय श्रम सम्बन्ध स्थापना गर्नसक्ने उल्लेख गरिएको छ ।

निर्देशिकाबमोजिम नेपाली नागरिकलाई मौसमी रोजगारको अवसर दिन गन्तव्य मुलुकका रोजगारदाता संस्थाले कामदार मागपत्र प्रमाणीकरणको लागि आफ्नो पूर्ण विवरण, रोजगारीको किसिम र संख्या, न्यूनतम सेवा र सुविधा, आवास, खाना, स्वास्थ्य बिमा र कामदारको सुरक्षा, भिसा शुल्क तथा कामदार पठाउँदा लाग्ने अन्य शुल्क रोजगारदाताले व्यहोर्ने सुनिश्चितता, कामदारको लागि सुरक्षित कार्यस्थलको सुरक्षण भएको प्रत्याभूतिपत्र र कामदार छनोटमा कुनै शुल्क नपर्ने तथा मौसमी रोजगारको अवधि समाप्त भएपछि रोजगारदाताको खर्चमा स्वदेश फर्काउने कुराको प्रत्याभूतिसहितको पत्र अनलाइन माध्यमबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगमा पेस गर्नुपर्नेछ । विभिन्न गन्तव्य मुलुकमा मौसमी कामदार पठाउन स्थानीय तहलाई अधिकार दिइएको छ । रोजगारदाता संस्था वा निकायले मागपत्र पठाउँदा नेपालको कुनै खास स्थानीय तहमार्फत उम्मेदवार छनोट गर्नेगरी मागपत्र पठाउनुपर्ने व्यवस्था गरिएको छ ।

सरकारले चालेको कदम सकारात्मक छ । सकारात्मक यो अर्थमा कि आफूखुसी वा दलालीमार्फत मौसमी कामदारको रूपमा जाने कामदारहरूमाथि हुने आर्थिक शोषण हट्नेछ । निःशुल्करूपमा जान पाइने भिसामा लाखौं रकम तिनुपर्ने बाध्यता थियो । साथै, उनीहरूलाई गन्तव्य मुलुकमा समस्या आइपर्दासमेत सरकारबाट सहयोग प्राप्त हुने वातावरण बनेको छ । तर, स्थानीय तहमार्फत कामदार छनोट गर्दा फेरि त्यहाँ दलालीकरण मौलने हो कि भन्ने आशंका बढेको छ । स्थानीय तहलाई त्यसरी कामदार छनोटको जिम्मा दिँदा बेथिति फैलिन नदिन कडा नीति अपनाउन जरुरी छ । यसतर्फ संघीय सरकारको ध्यान जाओस् ।

मनन्योग्य

## चाणक्य नीति

शकटार विचारमग्न थिए । कुनै आएको पदचापदले विचार टुट्यो । द्वारपालले आएर भन्यो-"अतिथिलाई अतिथिकक्षमा विश्राम गराएको छु । तिमी आफ्नो काममा जाऊ, कसैलाई पनि भित्र आउन नदेऊ र कुनै यताउति घुमिरहेका छन् कि त्यो पनि हेर' राक्षसका गुप्तचरका व्यवस्थाबाट शकटार परिचित थिए ।

शकटारलाई चिन्तित देखी चाणक्यले भने-'अमात्य नहडबडाउनुहोस्, केही कुरा छैन । चाणक्यले यो सबै परीक्षा गरेर आएको छ, मेरा पछाडि कुनै गुप्तचर छैन । साथै गुप्तचरलाई कसरी छकाइन्छ भन्ने पनि चाणक्यले जानेको छ ।'

चाणक्यका कुराले अमात्य केही निश्चिन्त भए । अनि चाणक्यले भने-'तात ! मध्यरात्रिमा कष्ट दिएकोमा क्षमाप्रार्थी छु । तर, के गरौं भेट्न जरुरी थियो । त्यस दिनपछि भेष बदलेर अज्ञातबासमा बसेको छु । यस बिमा मैले धेरै सोचें र यो निष्कर्षमा पुगें । हामीले मगधको भावी राजा खोज्नुपर्छ । जो यस्तो व्यक्ति होस् वीर होस् । नन्दको अत्याचारबाट क्षुब्ध होस् र नन्दसँग प्रतिशोध लिने इच्छा भएको होस् ' शकटारले चाणक्यको यस्तो निर्णायक कुरा सुनी भने-' वत्स ! के तिमी जान्दछौं तिमी के गर्न लाग्दैछौ ? महामात्य राक्ष छँदाछँदै के यो सम्भव छ ?'

'चाणक्यले जस्तो पनि कदम उठाउँ हेरी-बुझी मात्र उठाउँछ । चाणक्यले आफ्नो मात्र विश्वास गर्छ । राक्षसको चिन्ता व्यर्थ छ । सबैलाई सम्मोहित पारेर आफ्नो काम आरम्भ गर्छ चाणक्य । यो यज्ञका लागि आफ्नो सम्पूर्ण ज्ञान र अनुभवको बलि दिन्छौं ।

उसले भन्यो-' म राजा थिएँ, मैले प्रजाको रक्षा गर्नु थियो, त्यसैले म एक्लै लडें । फेरि मैले राजा नन्दसँग पनि बदला लिनु छ । मैले सोधें- 'किन ? किन कि त्यो नराधमले मेरी आमालाई राजभवनबाट निकालिदियो, ...' सम्पर्क गर्दा थाहा पाएँ । राजा नन्दकी सुन्दरी दासी मुराको छोरा रहेछ । मुरालाई राजा नन्द आफ्नी रानीसरह मन पराउँथे तर कुनै सन्देहले गर्दा वन जान बाध्य पारेर दरबार निकाला गराएछन् । आज तिनै मुरा बनेका पात (पत्ता) ले पंखा बनाई आफ्नो र बालकको पेट पानी बसेकी छ । क्रमशः

# मनाङको हिउँदे कठिनाइ

नवीन लामिछाने

जाडो बढेसँगै मनाङको जनजीवन प्रभावित बनेको छ । चिसोले जीवनयापन अझ कष्टकर हुनुका साथै विकास निर्माणका काम अघि बढ्न सकेका छैनन् । चिसो बढे पनि यसपटक हिउँ परेको छैन । मौसम विज्ञान विभागले हिमपात हुनसक्ने अनुमान गरेको भए पनि हालसम्म हिमपात भएको छैन । चिसो बढ्दै गएपछि यहाँका कतिपय बासिन्दा घर, गोठ र व्यापार हेर्ने मान्छे राखेर चिसो छल्न पहाड तथा तराईतर्फ झर्न थालेका छन् ।

गत वर्ष निरन्तरको वर्षाले क्षति पुर्‍याएको भौतिक संरचनाको निर्माण कार्य चिसोकै कारण रोकिएको पूर्वाधार कार्यालयले जनाएको छ । विशेषगरी माथिल्लो मनाङका सडक, पुल, जलविद्युत्लगायतका विकास निर्माणका काम रोकिएको प्रमुख जिल्ला अधिकारी सुप्रभा ढुंगेल खनालले बताइन् । 'सदरमुकाम चामे, नासों गाउँपालिका क्षेत्रमा सिमेन्ट प्रयोग हुने कार्य रोकिएको छ, तर ङिस्याङ र नार्पाभूमि गाउँपालिकामा विकास निर्माण तथा संरचना निर्माणको काम गर्न सकिँदैन,' उनले भनिन् ।

> मनाङका विद्यालयले गत मंसिर अन्तिम सातामा परीक्षा सकाएर अहिले जाडो बिदा भएको छ । मौसम प्रतिकूलताले गर्दा यहाँका विद्यालय सञ्चालन गर्न सकिँदैन । यहाँका विद्यार्थी अर्धवार्षिक परीक्षा सकाएर बेँसी झरेका छन्, जाडो सकिएपछि फागुनको अन्तिम वा चैतको पहिलो साता मनाङ फर्किन्छन् ।

हिउँ नै नपरे पनि चिसोका कारण अहिले जिल्लाका चामे, नासों, नार्पाभूमि र ङिस्याङ गाउँपालिकामा विकास निर्माणको काम गर्न सकिने अवस्था नरहेको पूर्वाधार विकास कार्यालयका इञ्जिनियर जय विष्टले बताए । ' हिउँका कारण सिमेन्ट प्रयोग गरी निर्माण गरिने माथिल्लो मनाङको संरचनाका काम गर्न सकिँदैन, यहाँको काम वर्षमा तीन महिना मात्रै गर्न पाइन्छ,' उनले भने ।

मनाङको मेरुदण्डका रूपमा रहेको चामे-बेँसीसहर सडकखण्डको निर्माण कार्य पनि मौसम प्रतिकूलताका कारण रोकिएको उनले बताए । अन्य जिल्लाको दाजोमा प्रायःजसो मनाङको विकास निर्माणको काम गर्न कठिन रहेको उनको भनाइ छ । सो सडकखण्डको निर्माणका लागि बहुवर्षीय योजनाअन्तर्गत वार्षिक रूपमा बजेट विनियोजन हुँदै आएको छ ।

मनाङको सहज यातायातका लागि संघ सरकारले विशेषरूपमा सडक तथा विकास निर्माणका लागि बजेट विनियोजन गर्दै आएको छ । तीन करोड १४ लाख रूपैयाँ बजेट विनियोजन भएर तल्लो मनाङ तालगाउँको संरक्षणका लागि तटबन्ध निर्माणको काम भने भइरहेको पूर्वाधार कार्यालयले जनाएको छ । मनाङको तिमाङमा २२ करोड रूपैयाँको लागतमा सडक ढलानको काम अन्तिम चरणमा पुगेको छ । निर्माण कार्य सकिने अवस्थामा मौसम प्रतिकूल भएपछि केही ढिलाइ हुने भएको कार्यालयले जनाएको छ ।

सडकखण्डअन्तर्गतको जोखिम क्षेत्रको मर्मतसम्भारका लागि छ/छ करोड रूपैयाँमा नाना कन्सल्टेन्सीले ठेक्का लिएको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयले जनाएको छ । डुम्रे-बेँसीसहर-चामे सडकखण्डको पक्की र दीर्घकालीन बनाउन संघ सरकारले कूल ६० करोड रूपैयाँ विनियोजन गरेको छ ।



बहुवर्षीयरूपमा मनाङको मेरुदण्डको विकासका लागि बजेट विनियोजन हुँदै आएको छ । आगामी पाँच वर्षको अवधिमा डुम्रे-बेँसीसहर-चामे सडकखण्डलाई चौडा, कालोपत्र, पक्की नालासहित सुरक्षित बाटो बनाउने योजनासहित बजेट विनियोजन भएको डुम्रे-बेँसीसहर-चामे सडक योजना रहेको कार्यालयले जनाएको छ ।

### विद्यालय तीन महिना बन्द

मनाङका विद्यालयले गत मंसिर अन्तिम सातामा परीक्षा सकाएर अहिले जाडो बिदा भएको छ । मौसम प्रतिकूलताले गर्दा यहाँका विद्यालय सञ्चालन गर्न सकिँदैन । यहाँका विद्यार्थीले अर्धवार्षिक परीक्षा दिएर जाडो छल्न बेँसी गएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाईंले बताए ।

'परीक्षा सकाएर विद्यार्थी जाडो छल्न बेँसी झरेका छन्, अब करिब चैतको पहिलो साता मात्रै पठनपाठन गर्न आउँछन्,' उनले भने, 'जाडोमा अभिभावकसँगै विद्यार्थी जाडो छल्न जान्छन्, जाडो छल्न जाने यहाँका मानिसको प्रचलनजस्तै बनेको छ । अर्धवार्षिक परीक्षा सकाएर बेँसी झरेका छन्, जाडो सकिएपछि फागुनको अन्तिम वा चैतको पहिलो साता मनाङ फर्किन्छन् ।'

चामेमा २४५ विद्यार्थीका लागि ३४ शिक्षक, नासोंमा १५८ विद्यार्थीका लागि ७७ शिक्षक र नार्पाभूमिमा २५ विद्यार्थीका लागि नौ गरी कूल १६१ शिक्षकले उनीहरूलाई पठनपाठन गराउँदै आएको एकाइले जनाएको छ ।

### पर्यटकको आगमनमा कमी

हिमपात नभए पनि यहाँ बढी चिसो हुँदासम्म पर्यटक आउने क्रम जारी छ । प्रतिदिन करिब १० देखि १५ जनाका दरले पर्यटक मनाङ भित्रिने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालयका प्रमुख लेखनाथ गौतमले जानकारी दिए । 'चिसो अत्यधिक बढेको छ, पर्यटक प्रतिदिन १० जना आउने क्रम जारी छ, सुरक्षित भएर यात्रा गर्न सुझाएर गन्तव्यतर्फ पठाउने गरेका छौं,' गौतमले भने, 'हिमपात नभए पनि चिसो अत्यधिक छ, खानेपानी जमेको अवस्था छ, तर पर्यटक आउन पूर्णरूपमा रोकिएको छैन ।'

पर्यटक आउँदा मनाङमा बसोबासका लागि समस्या हुनसक्ने भएकाले सचेत भएर यात्रा गर्न जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेको छ । हिमपात नहुँदासम्म पर्यटकको आगमन जारी रहने बताइएको छ । हिमपात भएपछि भने मनाङ गाउँबाट माथि जान सक्ने अवस्था नहुने स्थानीयको भनाइ छ ।

'प्रायःजसो समूहमा आएका विदेशी पर्यटकलाई तिलिचो ताल, थोराङ्लापास जान अनुमति दिएका छौं, हिउँ नपर्दा सुख्खापन बढेको छ, यसले कृषि बालीमासमेत समस्या हुने देखिएको छ,' प्रमुख जिल्ला अधिकारी खनालले भनिन्, 'पुसमा हिमपात हुने अवस्था देखिएको छैन, माघमा मात्रै हिमपात पर्न सक्ने मौसम विभागको अनुमान छ, सोहीअनुरूप पर्यटकको आवागमनलाई स्वीकृति दिइरहेका छौं ।'

तिचिलो तालतर्फ एउटा होटल हिउँ नपरेकाले चिसोमा पनि सञ्चालनमा रहेको उनले जानकारी दिइन् । त्यस्तै थोराङ्लापासतर्फ पनि एउटा मात्रै होटल सञ्चालनमा रहेको जानकारी पाइएको एक्यापका प्रमुख गौतम बताउँछन् । होटल व्यवसाय हेरचाहका लागि कुर्ने मान्छे राखेर यहाँका व्यवसायी बेँसी झर्ने गरेका छन् । कम मात्रामा आएका पर्यटक तथा पाहुनालाई बस्न कुर्ने मान्छेले व्यवस्थापन गर्दै आएका छन् ।

### मुख्य आम्दानीको स्रोत

यहाँको मुख्य आम्दानीको स्रोत पर्यटन व्यवसाय र जंगली जडीबुटी हुन् । अझ मुख्य स्रोतका रूपमा जंगली जडीबुटीलाई लिने गरिएको छ । यहाँ देशकै महँगो जडीबुटी यार्सागुम्बा, वन लसुन, गुची च्याउलगायत पाइन्छन् । जिल्लाका चार स्थानीय तहमध्ये सबैभन्दा बढी मनाङ ङिस्याङ गाउँपालिकाबाट जंगली जडीबुटी संकलन हुने गरेको छ । सबैभन्दा कम सडक सञ्जालबाट नजोडिएको नार्पाभूमि गाउँपालिकाबाट जंगली जडीबुटी संकलन हुँदै आएको छ ।

मनाङ ङिस्याङको खाङ्सार, पिसाङ लेक, आइस लेक, याकखर्क, भ्राका लेक, छोङ्करलगायतका स्थानबाट जंगली जडीबुटी संकलन गरिन्छ । चामे गाउँपालिकामा गुची च्याउ, वन लसुनलगायत पाइन्छन् । नासों गाउँपालिकामा नाम्गो, भिमताङ क्षेत्र, ड्रोना ताल, तिलिचे भीमथाङ क्षेत्र र नार्पाभूमि गाउँपालिकामा फु, नार, काङला, हुलाकी ओडारलगायतका क्षेत्रबाट जंगली जडीबुटी संकलन गरिन्छ । ठेकेदारले जंगली जडीबुटी संकलनका लागि ठेक्का लिने र बाहिरबाट संकलनकर्ता ल्याएर टिपिने गरिन्छ ।

घरनजिकै गोठ लेकमा लगेर पालिँदै आएका पशुको गोठ जाडोमा घर नजिकै सारिएको छ । चिसो बढ्दै गएपछि यहाँका गाउँ रित्तिदै जान्छन् । चिसोमा भेडाच्याङ्ग्राका पाठापाठी र चौरीका बाच्छाबाच्छीलाई बचाउन बेँसी घर नजिकै गोठ बनाएर पाल्ने गरिन्छ । चिसोले जमेको पानी भेडाच्याङ्ग्रालाई खुवाउनै मुस्किल हुने गरेको मनाङ ङिस्याङ-१ का ७४ वर्षीय पशुपालक किसान याङ्दुङ गुरुङ बताउँछन् ।

भेडाच्याङ्ग्रा र चौंरीलाई यतिबेला सुकेका घाँस खुवाएर पालिने गरिएको उनी बताउँछन् । भेडाच्याङ्ग्रा र चौरीसहित गोठाला बेँसी झरेर घर नजिकै आएका छन् । नार्पाभूमिका निवर्तमान अध्यक्ष मिङ्मार छिरिङ लामा भन्छन्, 'वस्तुभाउको व्यवस्थापन गरेर गाउँबाट यहाँका बासिन्दा बेँसी झरिसकेका छन् ।' जाडोमा पशुलाई गहुँ, फापरका नल खुवाएर राखिने गरिएको छ ।

मनाङका अधिकांश स्थानीय पशुपालनमा आबद्ध छन् । त्यसले गर्दा उनीहरू वर्षमा दुई पटक लेक-बेँसी गर्ने गर्छन् । वर्षात्को समय लेक र हिउँदको समय बेँसी झर्ने उनीहरूको परम्पराजस्तै हो । अब चैत पहिलो सातामात्रै लेक चढ्ने गर्दछन् । घर नजिक ल्याइएका चौरी, भेडाच्याङ्ग्रा हिमलुङ हिमालको फेदी, आइसलेक, नाम्के लेकको फेदीसम्म चराउन लैजाने गरिन्छ ।

पुस र माघ दुई महिना भेडीगोठ गाउँ नजिकै राखिने र फागुन लागेपछि गाउँभन्दा माथिका खर्कमा लैजाने गरिन्छ । पानी नपरे पनि गोठ नै पुरिने गरी तुसारो परेपछि पशुपालक बेँसी झर्ने गर्दछन् । यस वर्ष छिट्टै चिसो बढेको मनाङवासीको भनाइ छ ।

विगतमा गाउँका अधिकांश मानिसले भेडाच्याङ्ग्रा र चौंरी पाल्ने गर्थे । युवाहरू पर्यटन व्यवसायतर्फ लाग्न थालेपछि पशुपालन कम हुँदै गएको छ । अरु व्यवसायको तुलनामा पशुपालन निकै चुनौतीपूर्ण भएकाले अहिलेका युवाले गोठमा नबस्ने र पशुचौपाया पाल्नतिर चासो दिन छाडेका छन् । यहाँका अधिकांश युवा वैदेशिक रोजगारीमा जान्छन् भने केहीले पशुपालन छाडेर पर्यटन व्यवसायतर्फ लागेका छन् । पर्यटन व्यवसाय सञ्चालनका लागि पनि पशुपालन आवश्यक हुने हुँदासम्म यहाँका युवा कृषि क्षेत्रबाट विमुख हुँदै गएका छन् । *रासस*

पत्र–मञ्जुषा

## कानुनी राज्यको उपहास

नेपालमा नेता बन्न सबैभन्दा सजिलो छ । केही नगरे पनि हल्लाको भरमा नेता बन्ने लहर बढेको छ । अन्य मुलुकमा जनताको काम गरेर मन जितेपछि बल्ल नेता बनिन्छ । यसका लागि कडा संघर्ष गर्नुपर्छ । नेता बनेपछि पनि आजीवन देश र जनताको हितमा काम गरिन्छ । तर, नेपालमा यसको ठ्याक्कै उल्टो छ । यहाँ त जसले मान्छे मार्न सक्यो त्यही नै गृहमन्त्रीदेखि प्रधानमन्त्रीसम्मको पदमा पुग्छ । भनिन्छ, नेताको काम हो देश र राष्ट्रको रक्षा गर्नु तर नेपालमा त नेताहरू नै देश र जनता सिध्याउनतिर लाग्छन् ।

केही वर्षअघि चितवनमा पत्रकार शालिग्राम पुडासैनीले झुण्डिएर आत्महत्या गरे । घर नुवाकोट र बसाइँ काठमाडौं भए पनि उनी चितवनको एक होटलमा आत्महत्या गरेको अवस्थामा फेला परे । तर, उनले त्यसबेला आत्महत्या मात्र नगरी देश र जनतालाई सत्यतथ्य देखाउनका लागि भिडियो पनि रेकर्ड गरेका थिए ।

तर, दुर्भाग्य त्यो भिडियो राजनीति र पहुँच भएको मानिसको विरुद्ध थियो । प्रमाण भएर पनि प्रहरी प्रशासन र अदालत पैसामा बिक्यो । न्याय नै किनियो । कसैलाई मर्न बाध्य बनाएर कोही देशको सत्तामा पुग्यो । तर, ती निर्दोष व्यक्ति बाँच्न चाहेर पनि मरेको मर्‍यै भए । रोइकराइ गरेर, मर्नुअघि पनि आफ्नो अपराधी समात्न सजिलो होस् भनी सरकारलाई प्रमाण छोड्दा पनि पुडासैनीले न्याय पाए त ? आँखामा भारी आँसु र मनभरि पीडा बोकेर भए पनि पुडासैनीले मर्नुअघि जसोतसो अपराधीको विरुद्ध भिडियो रेकर्ड गरे । भनिन्छ, नि जब कसैलाई मर्नु छ तब कसैले झूठो बोल्दैन तर यहाँ त मर्नुअघि तयार पारेको भिडियो पनि सर्वसाधारण, प्रहरी प्रशासन र अदालतले झूठो सावित गरिदियो ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वको सरकारमा प्रहरीले गृहमन्त्री रवि लामिछानेलाई समात्यो । यता लामिछाने काम गर्ने टेलिभिजनले देशैभरिका जनतालाई लामिछानेको समर्थन लागि सडकमा उतार्‍यो । लामिछानेको समर्थनमा चितवनवासीहरू एकाएक सडकमा उत्रिए । त्यसकै फाइदा उठाएर लामिछानेले विभिन्न बहाना बनाई आफूलाई सत्य र पुडासैनी मर्नुअघि तयार पारेको भिडियो झूठो तुल्याए ।

यसरी पैसा, पहुँच र राजनीतिकै आडमा लामिछाने जेल जानबाट जोगिए । यो हुनु नै थियो, किनकि यो नेपाल हो । नेपालमा अपराधी छुट्छ र निर्दोषले सजाय पाउँछ भनेझैं लामिछानेको मुद्दामा पनि त्यही भयो । यता मर्न बाध्य भएर मरेर शव देखापरे पनि कसैले लामिछानेको विरोध गरी पुडासैनीको न्यायका लागि माग गरेनन् ।

तर, जो आरोपित थिए, त्यसैकै समर्थनमा देशैभरका जनता र मिडिया लागे । अहिले पनि सर्वसाधारण जनता पुडासैनीको घटनाबारे सत्यतथ्य जान्न चाहन्छन् तर राज्यको चौथो अंग मानिने सञ्चारकर्मीहरू नै गृहमन्त्री लामिछानेविरुद्ध बोल्ने र कलम चलाउन डराउँछन् । नेपालको कानुन पनि अचम्मकै छ । अन्य मुद्दामा आरोप लगाएको वा शंकाकै भरमा मानिसहरू जीवनभर जेल जीवन काट्छन् तर यहाँ त प्रमाण हुँदाहुँदै पनि जेल जानुपर्ने व्यक्ति गृहमन्त्रीको पदमा बसिरहेका छन् । के पुडासैनीले मर्नुअघि बनाएको त्यो भिडियो प्रमाण थिएन र ?

अहिले त लामिछानेमाथि पुडासैनीको आत्महत्या प्रकरणको मात्र आरोप नलागी नेपाली नागरिकता त्यागी अमेरिकी नागरिकता र राहदानी लिएको पनि आरोप लगाएको छ । तर, जो मानिसमाथि अरुलाई मर्न बाध्य बनाएको आरोप लागेको छ, जो मानिससँग नेपाली नागरिकता नभई अमेरिका नागरिकता छ त्यही मानिस गृहमन्त्री भएको छ । स्वार्थ बाझिने पदमा यस्ता व्यक्ति पुगेछि सर्वसाधारण जनताले शान्ति सुरक्षाको आश कसरी गर्ने ?

लामिछानेको नागरिकताको विषयमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । तर, अदालतबाट पनि उनकै पक्षमा आदेश आउने लगभग निश्चित छ । नेपाल प्रहरीले पनि अनुसन्धान थालेको थियो । अनुसन्धान गर्ने नेतृत्व तहमा आफैं पुगेपछि यी सबै व्यर्थ हुने छन् । यो परिदृश्यले नेपालमा कानुन कार्यान्वयनको दयनीय अवस्थालाई छर्लंग पारेको छ । कानुन लाग्ने त सर्वसाधारणलाई मात्रै हो, जसको राजनीतिक पहुँच छैन, आर्थिकरूपमा कमजोर छ । पहुँच र पैसा हुनेका लागि कानुन केही होइन भन्ने स्थिति आउनु अत्यन्त गम्भीर विषय हो । कानुनी राज्यको उपहास हो ।

*-रेशम राई, धनकुटा*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# बोझेनीमा सबस्टेसन राख्न नदिने स्थानीयको अडान




■ प्रभाव संवाददाता

**काठमाडौं–** शंखरापुर नगरपालिकाको बोझेनीस्थित अपर तामाकोसी जलविद्युत् परियोजनापीडित संघर्ष समितिले परियोजनाको सबस्टेसन सुरुमा सर्भे गरिएकै स्थानमा राख्नुपर्ने माग गरेका छन् । आयोजनाको निर्माण कार्य अघि बढाउने बेलामा सबस्टेसन काभ्रेको मण्डनदेउपुरमा राख्ने भनेर गरिएको सर्भेभन्दा अन्यत्रै सबस्टेसन राख्न खोजिएकोमा समितिले आपत्ति जनाएको हो ।

समितिले सुरुमा सर्भे गरिएकै स्थान काभ्रेको मण्डनदेउपुर-१ हलिदेमा सबस्टेसन राख्नुपर्ने अडान राखेको छ । नेपाल विद्युत् प्राधिकरणले हाल काठमाडौंको शंखरापुर-३ बोझेनीमा सबस्टेसन निर्माण कार्य अगाडि बढाएको छ । त्यसको विरोधमा बोझेनीका स्थानीयले संघर्ष समिति बनाएर विरोध जनाउँदै आएका छन् । समितिले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी सर्भे गरिएकै स्थानमा सवस्टेसन नराखे आयोजनाको निर्माण कार्य अघि बढाउन नदिने चेतावनी दिएको हो ।

समितिका संयोजक तुलाराम तामाङले प्रहरीले स्थानीयहरूमाथि धरपकड गरेको भन्दै विरोध जनाए । स्थानीयले अघि सारेका जायज माग पूरा गर्न सरकारले अविलम्ब कदम चाल्नुपर्ने उनको माग छ । समितिका सहसंयोजक फूर्वा तामाङले परियोजनाको सबस्टेसन राख्ने कार्यमा भूमाफियाहरूले चलखेल गरेको आरोप लगाए । शान्तिपूर्ण आन्दोलनमा रहेका स्थानीयलाई न्यूनतम मानवअधिकारको प्रत्याभूतिसमेत नहुनेगरी प्रहरी धरपकड भएको भन्दै उनले आपत्ति जनाए ।

'एसियाली विकास बैकको लगानीमा नेपाल विद्युत् प्राधिकरणले अगाडि बढाइरहेको अपर तामाकोसी जलविद्युत् परियोजनाको सबस्टेसन राख्ने, टावर प्याड राख्ने तथा तार बिछ्याउने कार्यको हाम्रो विरोध रहेको जानकारी हुँदाहुँदै पुस १७ र १८ गते प्रहरी परिचालन गरेर जनतालाई लाठीचार्ज गर्ने र धरपकटको हामी घोर विरोध गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

राज्यले बनाउने आयोजना जनताको लाभका लागि भए पनि यसले जनतामा निहित आत्मअधिकारसमेत हनन भएको उनीहरूको आरोप छ । समितिले पक्राउ परेका जयमान वाइबा, राजमान स्याङबो र लोहाङ लामालाई तुरुन्त रिहाइ गर्न पनि माग गरेको छ ।

# शीतलहरले जनजीवन कष्टकर

**राँझा–** दुई दिनदेखि जारी शीतलहर र हुस्सुका कारण बाँकेको जनजीवन कष्टकर हुन पुगेको छ । बिहान र साँझ शीतलहरसँगै बाक्लो हुस्सु लाग्ने गरेका कारण नेपालगञ्जको तापक्रम घट्दै गएको छ ।

चिसोले गर्दा दैनिक ज्यालादारी गरेर खानेलाई समस्या भएको छ । बिहान विद्यालय तथा कलेज जाने विद्यार्थी पनि मर्कामा परेका छन् ।

नेपालगञ्जमा सोमबार बिहानको न्यूनतम तापक्रम नौ देखि १० डिग्री सेल्सियस मापन भएको राँझास्थित जल तथा मौसम विज्ञान विभाग फिल्ड कार्यालयका इञ्चार्ज पलबहादुर विकले जानकारी दिए । शीतलहर र हुस्सुका कारण चिसो धेरै बढेपछि नेपालगञ्जका प्रमुख चोक बजारक्षेत्रमा चहलपहल घटेको छ ।

शीतलहर र चिसोबाट सबैभन्दा बढी रिक्सा चालक, ठेला चालक र मजदुरलाई समस्या हुनाका साथै बालबालिका र ज्येष्ठ नागरिकलाई पनि असर पारेको छ । चिसो बढ्दै गएकाले स्थानीय बासिन्दाले उपमहानगरपालिकासँग टोल-टोलमा दाउरा खसाल्न आग्रह गरेका छन् । नेपालगञ्ज उपमहानगरपालिकाले टोल-टोलमा दाउरा वितरण गरेर आगो बाल्ने व्यवस्था गर्ने तयारी गरेको त्यहाँका प्रवक्ता प्रमोद रिजालले जानकारी दिए ।

केही दिनयता चिसो बढ्दै गएका कारण नेपालगञ्जका अस्पतालमा चिसोका बिरामी पुग्ने क्रम फेरि बढेको जनाइएको छ । मेडिकल कलेजको नेपालगञ्जस्थित शिक्षण अस्पतालमा एक सातायता निमोनिया, 'कोल्ड डायरिया' रुघाखोकी लागेको बालबालिका र ज्येष्ठ नागरिक आउने क्रम बढेको उक्त अस्पतालका निर्देशक डा. एम किदवाइले बताए । उनले चिसो बढेसँगै बिरामी पनि अस्पतालमा आउने क्रम बढेकाले चिसोबाट जोगिने उपाय अपनाउन सबैसँग आग्रह गरे ।

भेरी अस्पतालमा पनि चिसोका बिरामी आउने क्रम दिनदिनै बढ्दै गएको त्यहाँका सूचना अधिकारी डा. संकेतकुमार रिसालले बताए । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SY PLASTIC INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278742 चलानी नं. ६०१९४१६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

कम्पनी : ENG HEAP SENG RICE & FLOUR MILL (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278743 चलानी नं. ६०१९४१६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३८/०७४/०७५

**S. And S.Human Resource Pvt. Ltd.**

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENVOTECH NETWORK SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१८ LT. No. 278530 चलानी नं. ६०१९४२५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AMSTEEL MILLS SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०९/१८ LT. No. 278712 चलानी नं. ६०१९४२५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 150 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Govt. License 1342/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BILLION MOO ENTERPRISE

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. : 278401 चलानी नं. ६०१९४०१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 16 | 4 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. : 278635 चलानी नं. ६०१९४१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४

Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RASHA ALHENDAL BEAUTY SALOON COMPANY FOR LADIES.

पूर्व स्वीकृति मिति : २०७८/०८/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१८ LT. No. 252186 चलानी नं.६०१६९०५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 10 | 160 | ६८,९५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 5 | 160 | ६८,९५५ | | | | | | | |

कम्पनी : KUWAIT ARAB NEW LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०७९/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१८ LT. No. 270037 चलानी नं.६०१८५७८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Assistance | 0 | 6 | 130 | ५६,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 3 | 170 | ७३,२६५ | | | | | | | |
| 3 | Nail Technician | 0 | 3 | 170 | ७३,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्योहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH YASSER ABDULLAH ALRASHOUDI CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278696 चलानी नं. ६०१९४२२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1200 | ४२,०७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1200 | ४२,०७५ | | | | | | | |

कम्पनी : IN CITY TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०९/१७ LT. No. 278693 चलानी नं. ६०१९४२२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Worker | 3 | 0 | 1500 | ५२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**

Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MULTI GRADED INDUSTRIES SDN. BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/१८ LT. No. 275161 चलानी नं. ६०१९११८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 2 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**

Govt. License 404/060/061

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१८ LT. No. 275436 चलानी नं. ६०१९१०७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 100 | 0 | 1000 | ३५,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CEW SIN PLASTIC PIPE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१४ LT. No.278442 चलानी नं. ६०१९४०३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ ३ गते (17th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sansar International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ८९८/०६७/०६८

Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Fax : +977-1-4358488


## आँधीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कृषि, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## प्राविधिक प्रस्ताव स्वीकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

**प्रकाशित मिति : २०७९।०९।१९**

यस कार्यालय बाट मिति २०७९।०७।२३ को प्रभाव राष्ट्रिय दैनिक तथा www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना न. 05/Aandhikhola/079/80 को तपसिलमा उल्लेखित ठेक्काको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका विद्युतिय बोलपत्र (e-Bids) हरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न बमोजिमको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्वीकृतीका लागी छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S.No. | Contract ID No. | Description of Works | Name and Address of Successful Bidders | Opening Date, Time and Venue | Remarks |
|---|---|---|---|---|---|
| 1 | *ANDH-W-NCB-BLDG-05-2079-080* | Shree Jana Pradip secondary school hostel building Construction Work, | १. श्री आरुषी/लेवल वान जे.भी, पोखरा<br>२. श्री रेन्वो कन्स्ट्रक्सन कम्पनी प्रा.लि. काठमान्डौ, नेपाल<br>३. श्री सुन्दर निर्माण सेवा, देउराली - ०४, काश्की<br>४. श्री रेगन निर्माण सेवा, सुर्खेत, नेपाल<br>५. श्री क्रियटिभ इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा लि पौवौगौंडे-७, .स्याङजा | Date : 2079/09/26<br>Time: 12:00 hrs<br>Venue: Office of Rural Municipal Executive, Andhikhola RM, Krishi, Syangja | |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

मंगलबार, १९ पुस २०७९ (Tuesday, January 3, 2023)


रूपशाला

## वीरगञ्जमा 'दिलमाया–२'को विशेष शो

राजु गिरीको निर्देशन रहेको फिल्म 'दिलमाया २' को विशेष शो गरिएको छ । सोमबार वीरगञ्जमा आयोजित बिशेष शोमा नेकपा एमालेमा प्रतिनिधिसभा सांसद राजकुमार गुप्ता, फिल्मकर्मी र केही सर्वसाधारणको उपस्थिति रहेको थियो । वीरगञ्जस्थित त्रिमुर्ति हलमा आयोजित शो मा फिल्मले हेर्नेले मनपरेको प्रतिक्रिया दिए । देशका विभिन्न शहरमा च्यारिटीका लागि परीक्षण स्वरूप फिल्मको विषेश शो गरिएको निर्देशक गिरीले बताए ।



# नेपालकै पहिलो अन्तर्राष्ट्रिय गायन तथा नृत्य रियालिटी शो



■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्ट्रा नेपाल वेलफेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाको आयोजनामा नेपालकै पहिलो अन्तर्राष्ट्रिय रियालिटी शो 'मेरो भ्वाइस यूनिभर्स र मेरो डान्स यूनिभर्स'को आयोजना हुने भएको छ ।

नक्सालस्थित मेरियोट होटलमा आयोजित भव्य घोषणा समारोहमा फाउन्डेसनले प्रतियोगिताका लागि विश्वभरका मानिसले इन्ट्रा नेपाल एपमार्फत आवेदन दिन सक्ने जनाएको गरेको छ ।

१८ वर्षभन्दा माथिका व्यक्तिले यस प्रतियोगिताको लागि आवेदन दिन सक्छन् । यी शोहरूमा सहभागी हुन चाहने विश्वभरका नेपाली भाषीहरूले इन्ट्रा फाउन्डेसनको एप डाउनलोड गरेर रजिस्टर गर्न सक्छन् ।

फाउन्डेसनका अध्यक्ष डिल्ली अधिकारी भन्छन्, 'हामी हाम्रो संस्कृति जोगाउन एकजुट भएर लाग्नुपर्छ । हाम्रो पहिचान नै हाम्रो भाषा, संस्कृति, र दुखमा परेकाहरूलाई मद्दत गर्नुमा छ । फाउन्डेसनको मुख्य उद्देश्य पनि नेपाली मनोरञ्जन क्षेत्रमा सांगीतिक क्रान्ति ल्याउनु हो ।' यो शोमा सहभागी हुन चाहने विश्वभरका नेपाली भाषीहरूले अनलाइन आवेदन दिन सक्ने छन् । प्राथमिक छनौट प्रक्रिया पछिफाउन्डेसनले विश्वका विभिन्न स्थानमा अडिसन सञ्चालन गर्नेछ । यी दुबै शोहरूको आवेदन दिने मिति जनवरी को अन्तिम तारिक तोकिएको छ ।

कम्पनीका अनुसार 'मेरो भ्वाइस यूनिभर्स'को निर्णायक मण्डलमा सुरेश अधिकारी, शिव परियार, अन्जु पन्त, सुजाता वर्मा, पुष्पन प्रधान जस्ता वरिष्ठ गायकहरू समावेश छन् । साथै मेरो डान्स यूनिभर्स'को निर्णायक मण्डलमा भने मिथिला शर्मा, दिलीप रायमाझी, शंकर बि.सी, केकी अधिकारी, प्रियंका कार्की, र नरमन राई हुने जनाइएको छ । यी शोहरू एलिन श्रेष्ठले निर्देशन गर्ने भएका छन् । उनले यस अघि पनि धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रियालिटी शोहरूको निर्देशन गरिसकेका छन् जस्तै नेपाल आइडल, बूगी–वूगी, नेपाल लोक स्टार, सारेगमपा लिल् च्याम्पस् ।

यी दुई शोहरू नेपालकै सर्वाधिक धेरै धनराशी भएको रियालीटी शोहरूहुन् । फाउन्डेसनका अनुसार 'मेरो भ्वाइस यूनिभर्स'का विजेताले रु एक करोडपाउनेछन् । साथै फस्ट रनरअपले रु ३० लाख र सेकेन्ड रनरअपले रु २० लाख पुरस्कार पाउने छन् ।

यस्तै, 'मेरो डान्स यूनिभर्स'को विजेताले पनि रु एक करोड पुरस्कार पाउनेछन् । भने फस्ट रनरअपले रु ३० लाख र सेकेन्ड रनरअपले रु २० लाख पुरस्कार पाउनेछन् । फाउन्डेसनले नेपाल बाहेक, स्यानमार, थाइल्याण्ड, भुटान, भारत, अस्ट्रेलिया, अमेरिका, क्यानडा लगायत युरेपेली देशहरूबाट पनि नेपाली भाषीहरूको बृहत् सहभागिताको अपेक्षा राखेको छ ।

# 'अन्तर्राष्ट्रिय फिल्म सिटी' बनाउन बोर्डले थाल्यो छलफल

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डले बाग्मती प्रदेश, दोलखा जिल्लाको लाकुरीडाँडामा निर्माणाधीन 'अन्तर ाष्ट्रिय फिल्म सिटी'को अवलोकन तथा अनुगमन गरेको छ। सो क्रममा झण्डै ११ वर्षअघिदेखि निर्माण प्रक्रिया तालिएको सिटीमा भएका प्रगति विवरण, नयाँ सम्भाव्यता तथा तीन तहका सरकार र निजी क्षेत्रसँगको लगानी सहकार्यको सम्बन्धमा स्थानीय सरकारसँग छलफलसमेत भएको छ ।

राष्ट्रतिद्वारा प्रस्तुत चालू आर्थिक वर्षको नीति तथा कार्यक्रममा सम्बोधन भएको फिल्म सिटी अवलोकनको क्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, बोर्ड सदस्य राज कटुवाल, सञ्चालन तथा व्यवस्थापन समितिका संयोजक मदनदास श्रेष्ठ, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव उत्तरकुमार खत्री, मन्त्रालयका उपसचिव तथा बोर्डका सदस्य सचिव टंकप्रसाद महतलगायतले फिल्म सिटी रहेको भीमेश्वर नगरपालिकाका प्रमुख ईश्वरनारायण मानन्धर, उपप्रमुख कमला बस्नेत, नेपाल पत्रकार महासंघ दोलखाका अध्यक्ष दिपशंकर चौलागाईं, नगरपालिकाका कर्मचारीहरू, विभिन्न वडाका अध्यक्ष तथा सदस्यहरूलगायतसँग फिल्म सिटीको लगानी सहकार्य, सिटीको महत्व, पर्यटन प्रवर्द्धन, रोजगारी तथा वरपर हुने व्यापारिक केन्द्रको बिषयमा छलफल भएको छ ।

बोर्ड अध्यक्ष केसीले भीमेश्वरमा फिल्म सिटी ल्याउनुपर्छ भन्ने योजना ल्याउने वरिष्ठ कलाकार मदनदास श्रेष्ठ तथा सम्बन्धित सम्पूर्ण निकायहरूप्रति आभार व्यक्त गर्दै फिल्म सिटी बन्दा सबैभन्दा खुसी यो देशको कलाकारलाई हुने बताए । 'फिल्म सिटी बन्दा यो देशका सबै कलाकारहरू सबैभन्दा खुसी हुन्छन् । यो हरेक कलाकारको सपना मात्र नभएर सबै नेपालीमा यो सिटीलाई लिएर निकै उत्साह देखिएको छ,' उनले भने, 'फिल्म सिटी एक छुट्टै संसार हो । मैले बलिउड र हलिउडमा देखेको फिल्म सिटीजस्तै नै हो यो फिल्म सिटी पनि । चलचित्र विकास बोर्डले मात्र होइन, नेपाल सरकार एकदमै रुचि राखिरहेको छ । चलचित्र मनोरन्जनको माध्यम मात्र नभएर हाम्रो देशको कलासंस्कृतिको विकास र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हामी छिट्टै नेपाली र विदेशी फिल्महरू यो सिटीमा छायांकन भएको हेर्न चाहन्छौं ।'

नगरपालिकाका प्रमुख मानन्धरले सम्पूर्ण दोलखाबासीले अतिमहत्वपूर्ण फिल्म सिटीलाई सपनाको रूपमा हेरेको बताए । परियोजना सुरु भएको लामो समय बितिसके पनि सोचेअनुरूप प्रगति नदेखिएको बताउँदै उनले भने, 'यो सपना देखेको धेरै वर्ष भइसकेको छ । यो बीचमा लगानीको समस्याका कारण काम थालनी गरी बेवारिसे रूपमा छोडिन थालेपछि सरकारकै अन्य मन्त्रालयले यसभित्रै आँखा लगायो । सरकारी संयन्त्रहरू कुन अवस्थामा रहेछन् भन्ने कुरा फिल्म सिटीको कथाब्यथाले बताउँछ ।' राष्ट्रिय योजनाको रूपमा एउटा योजना चलिरहेको क्षेत्रभित्र अर्को मन्त्रालयद्वारा अन्य कामका लागि ठेक्का लगाउने कोसिस गरेको भन्दै मानन्धरले आपत्ति जनाए ।

सहसचिव खत्रीले नेपालको पहिलो फिल्म सिटी दोलखामा बन्दै गरेको दोलखाबासीलाई बधाई दिए । उनले यो ठूलो परियोजना रहेको बताउँदै स्रोत र साधन धेरै चाहिने भएको हुँदा तुरुन्तै कार्यसम्पन्न भइहाल्ने सम्भावना नरहने जिकिर गरे । यसको लागि 'पब्लिक, प्राइभेट पार्टनरसिप' को मोडलमा काम अगाडि बढिरहेको बताए ।

बोर्डले केही वर्ष पहिले लगभग दुई हजार रोपनी जग्गामा करिब १६ अर्ब लगानीको डिपिआर तथा मास्टरप्लान तयार गरेको थियो । जसअन्तर्गत विद्युतको प्रसारण लाइन तान्ने, स्टुडियो भित्रपर्ने झण्डै ६ किलोमिटर बाटो कालोपत्रे गर्ने, प्रवेशद्वार तथा सुचना केन्द्र तथा गेष्ट हाउसका लागि तीनवटा भवन निर्माणको काम अन्तिम चरणमा पुगेको देखिएको छ ।


## Rambha Rural Municipality
**Office of Rural Executive, Pipaldada, Palpa**
Lumbini, Province, Nepal

**INVITATION OF NATIONAL COMPETITIVE BIDDING (E-BIDDING ONLY)**

**(First Publication Date: 03-Jan-2023 (2079/09/19))**

Rambha Rural Municipality, office of rural executive invites National competitive Bidding (NCB) from eligible bidders for the following works.

| SN | Contract Identification No | Description of works | Bid Validity period/Bid security Validity | Estimated amount without VAT, Cotingencies and PS items) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1. | NCB/EB/RRM/Works/079-080/5 | Construction of 2 room School Building of Akala devi aa.vi. Rambh-03, Palpa. | 90 days after Opening /30 days Beyond the Validity Period of the BID (2080/02/15) | Rs: 26,76,289.27 | 75,000.00 | 3,000.00 |
| 2. | NCB/EB/RRM/Works/079-080/6 | Construction of 2 room School Building of Jana Priya aa.vi. Rambh-01, Palpa. | 90 days after Opening /30 days Beyond the Validity Period of the BID (2080/02/15) | Rs: 26,76,289.27 | 75,000.00 | 3,000.00 |
| 3. | NCB/EB/RRM/Works/079-080/7 | Upgrading of Agahakhola, Argidada, Jheskang, Tuldada Road at Rambha-03, Pipaldada, Palpa. | 90 days after Opening /30 days Beyond the Validity Period of the BID (2080/02/15) | Rs: 43,60,314.77 | 1,25,000.00 | 3,000.00 |

**Account No. for bid document purpose fee:**
**Name of Bank** : Global IME Bank,Tahu Palpa
**Name of Office** :Rambha Rural Municipality, Pipaldada, Palpa
**Account Number (Antarik Rajaswo): M704010000010**

**Account No. for Bid Security Deposit**
**Name of Bank** : Global IME Bank, Tahu, Palpa
**Name of Office** :Rambha Rural Municipality, Pipaldada, Palpa
**Account Number** (Dharauti khata): **M704010000004**

**Deadline of bid Submission**
(02-Feb-2023) 2079/10/19 till 12:00 Noon

**Date and time of bid opening**
(02-Feb-2023) 2079/10/19 at 2:00 PM

1. Eligible Bidder's may obtained further information from PPMO website **www.bolpatra.gov.np/egp**, or **www.rambhamun.gov.np** email: **rambhamun@gmail.com**, Mobile: 9857068770,
2. Eligible Bidder's may download the bidding documents for e-submission from PPMO's website www. www.bolpatra.gov.np/egp. Bidder's, submitting their bid electronically, should deposited the cost of bidding document in the Antarik Rajaswo (account) as specified above and scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronically submission of the bids.
3. The place of bid opening will be at Rambha Rural Municipality, Office Rural Executive.
4. Any provisions which are not mentioned in this noticed will be consistent with ***PPA 2063, PPR,* 2064** and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**
**Rambha Rural Municipality**


रंगशाला

नेपाल टी-२० फ्रेन्चाइज लिग

# जनकपुर र पोखरा विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टी-ट्वान्टी लिगको सोमबारको खेलमा जनकपुर रोयल्स र पोखरा एडभेन्चर्जले आफ्ना खेल जितेका छन्। त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सोमबार भएको खेलमा फार वेस्ट युनाईटेडलाई जनकपुर रोयल्सले ८२ रनले हराएको हो ।

जनकपुरले दिएको १ सय ६२ रनको लक्ष्य पछ्याएको फार वेस्टले १५.१ ओभरमा अलआउट हुँदै ७९ रन मात्र बनाउन सफल भयो । फार वेस्टका लागि कप्तान हजमतुल्लाह शाहिदीले ३२ तथा राशिद खानले अविजित १७ रन बनाए ।

जनकपुरका लागि समिउल्लाह शिनवारीले ३ तथा सोमपाल कामी र पवन सराफले २/२ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको जनकपुर रोयल्सले २० ओभरमा ७ विकेट गुमाएर १ सय ६१ रन बनाएको थियो ।

जनकपुरका लागि सन्दिप जोराले ३२ बलमा ५५ रनको अर्धशतकीय ईनिङ खेले । उनले १ चौका र ५ छक्का प्रहार गरे । कप्तान ट्राभोन ग्रिफिथले ३२ रन बनाउँदा चाल्डिक वाल्टन २४ रनमा आउट भए ।

सरफुदिन असरफले २० रन बनाउँदा राजेश पुलामीले १६ रन बनाए । फार वेस्टका लागि प्रकाश जैसीले ३ तथा भुवन कार्कीले २ विकेट लिए । सात खेलमा पाँच



जित र दुई हार सहित जनकपुर १० अंकका साथ अंक तालिकाको दोस्रो स्थानमा रहेको छ । छ खेलमा एक जित हात पारेको फार वेस्ट २ अंकका साथ अंक तालिकाको पुछारमा रहेको छ ।

त्यस्तै पहिलो खेलमा पोखरा एभेन्जर्सले सोमबार काठमाडौं नाइट्सलाई ५ विकेटले पराजित गरेको छ । काठमाडौंले दिएको १ सय ६५ रनको लक्ष्य पोखराले १९.४ ओभरमा ५ विकेट गुमाएर पूरा गऱ्यो । पोखराको जितमा उपुल थरंगा र सुमित मर्हजनले अर्धशतक बनाए । मर्हजन रनमा ७६ मा आउट हुँदा रहँदा थरंगा ५८ रनमा आउट भए । महर्जनले ७ चौका र ३ छक्काको सहयोगमा ७६ रन बनाएका थिए । कुशल मल्ल १४ रनमा अविजित रहे ।

काठमाडौंका लागि कमल सिंह ऐरीले ३ तथा अबिनाश बोहोरा,अनिल खरेलले समान १/१ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको काठमाडौंले २० ओभरमा ४ विकेट गुमाएर १ सय ६४ रन बनाएको थियो । काठमाडौंका एलेक्स ब्लेकले बिष्फोटक ब्याटिङ गरेका थिए ।

काठमाडौंका लागि एलेक्स ब्लेकले २८ बलमा ६४ रनको अर्धशतकीय ईनिङ खेले । उनले २३ बलमा अर्धशतक बनाएका हुन् । यस प्रतियोगितामा नै यो सर्वाधिक छिटो अर्धशतक हो । उनले ३ चौका र ७ छक्का प्रहार गरे । सुनाम गौतमले ४५ तथा विरनदिप सिंहले ३२ रन बनाए ।

पोखराका लागि तुलबहादर थापाले २ तथा प्रतिस जिशि र कुशल मल्लले समान १/१ विकेट लिए । छ खेल खेलेर ३ जित तथा ३ हार हात पारेर ६ अंक सहित काठमाडौं अंक तालिकाको तेस्रो स्थानमा कायमै रहेको छ ।

आठ खेलमा तीन जित हात पारेको पोखरा छ अंक सहित अंक तालिकाको चौथो स्थानमा रहेको छ । यही संस्करणको पहिलो भेटमा काठमाडौंले पोखरालाई हराएको थियो । यस प्रतियोगिताको फाईनल खेल २७ गते हुनेछ ।


## Yangwarak Rural Municipality
## Office of Rural Municipal Executive
**Tharpu, Panchthar**

**Invitation for Bids**

First Publication Date: 2079/09/19

1. The Yangwarak Rural Municipality invites electronic bids from eligible bidders for the following procurement category under the respective procurement method.

| S. N. | Procurement Method | Contract Identification No | Description of Works | Estimated Cost Including Vat | Bid Security Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1. | Sealed Quotation | YRM/SQ/Works/No-03-2079/080 | Samangkhu FM Chok Mahadevsthan Sadak Nirman | Rs.14,47,223.94 | 35,000 |
| 2. | Sealed Quotation | YRM/SQ/Works/No-04-2079/080 | Construction of Asine Barkhe Padheremul Chhyarchhyare Brihat Khanepani Aayojna (Package-2) | Rs. 16,96,460.82 | 45,000 |

2. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive, Yangwarak Rural Municipality, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. Or via office website and facebook page.

**Chief Administrative Officer**

# कोलम्बियामा युद्धविरामः राष्ट्रसंघले गऱ्यो स्वागत





**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेर्रेसले कोलम्बियामा भएको युद्धविराम सम्झौताको स्वागत गरेका छन् । उनले आइतबार सो सम्झौताको स्वागत गरेका संयुक्त राष्ट्रसंघले जानकारी दिएको छ ।

कोलम्बियामा हिंसा गरिरहेका विभिन्न पाँचवटा सशस्त्र समूहले यहाँको सरकारसँग सम्झौता गरेर छ महिना अवधिका लागि युद्धविराम गर्नेसम्बन्धी पत्रमा हालै हस्ताक्षर गरेका थिए । कोलम्बियाका राष्ट्रपतिले नयाँ वर्ष सन् २०२३ को शुभकामना सन्देश दिने क्रममा गत डिसेम्बर ३१ का दिन सम्बोधन गर्दै यहाँका सशस्त्र पाँच विद्रोही समूहसँग कोलम्बिया सरकारले युद्धविराम गरेको जनाएका थिए ।

उनले सो युद्धविरामको अवस्था यही सन् २०२३ को जनवरीदेखि आगामी जुन ३० तारिखसम्म कायम रहने पनि बताएका थिए । कोलम्बियामा युद्धविरामसँगै विकसित भएको पछिल्लो राजनीतिक घटनाक्रमले यहाँ शान्ति स्थापनाको आशा यहाँका नागरिकमा बढेको संयुक्त राष्ट्रसंघीय महासचिव गुटेर्रेसका प्रवक्ता स्टेफान डुजारिकले बताएका छन् ।

यही युद्धविरामको अवधिमा यहाँका सबै सशस्त्र समूहहरूसँग शान्ति वार्ताको प्रक्रिया अघि बढाउने र यसका माध्यमबाट देशमा शान्ति स्थापना गर्ने विषयमा सबै पक्ष लाग्नुपर्नेमा पनि उनले जोड दिएका छन् । यो युद्धविरामको सही सदुपयोग गरेर कोलम्बियामा शान्ति स्थापनाको काममा लाग्न पनि महासचिव गुटेर्रेसले कोलम्बियाका सबै पक्षसँग आग्रह पनि गरेका छन् ।

उनका प्रवक्ता डुजारिकले आइतबार प्रकाशन गरेको विज्ञप्तिमा कोलम्बियामा शान्ति स्थापनाका लागि आवश्यक सबै सहयोग गर्न संयुक्त राष्ट्रसंघ सदैव तत्पर रहेको पनि जनाइएको छ । *रासस/सिन्ह्वा*

# अज्ञात व्यक्तिका १८ शव भेटिए

**त्रिपोली-** लिबियाका अधिकारीहरूले यहाँको उत्तरी तटीय सहर सिर्तेमा अज्ञात व्यक्तिका १८ वटा शव भेटिएको आइतबार जनाएका छन् । सिर्ते सबा क्षेत्रमा गत हप्ता शवहरू भेटिएपछि ती शव नजिकैको एक सरकारी अस्पतालमा लगिएको पनि ती अधिकारीले जनाएका छन् ।

बेपत्ता व्यक्तिहरूको खोजी गर्ने यहाँको सरकारी निकायका एक अधिकारीले ती शव भेटिएपछि अस्पताल पुऱ्याइएको र उनीहरूको पहिचानका लागि प्रयोगशालामा अनुसन्धान भइरहेको जानकारी दिएका छन् । उनले ती व्यक्ति को हुन् र के कति कारणले उनीहरूको मृत्यु भएको हो या हत्या भएको हो भन्ने विषयमा अनुसन्धान सुरु भएको जनाएका छन् । गएको अक्टोबर महिनामा पनि सिर्ते क्षेत्रकै एक सरकारी विद्यालयमा गाडिएको अवस्थामा ४२ वटा शव भेटिएको यहाँको प्रहरीले जनाएको थियो ।

सन् २०१६ मा सिर्ते सहरबाट विस्थापित गर्नुअघि सो सहरमा यहाँका इस्लामिक स्टेट अतिवादीहरूले कब्जा जमाएका थिए । सोही समयमा कैयौँ व्यक्तिको हत्या पनि भएको थियो । पछिल्लो समयमा भेटिने गरेका अज्ञात शवहरू उनीहरूले नै हत्या गरेका हुनसक्ने अनुमान यहाँको प्रहरीले गर्ने गरेको छ । *रासस/सिन्ह्वा*

# युक्रेनी राजधानीमा हवाइ आक्रमण



**किभ-** युक्रेनको राजधानीमा आइतबार राति रुसी सेनाले हवाइ हमला गरेको छ । सहरका विभिन्न जिल्लामा विष्फोटन भएका स्थानीय अधिकारीहरूले जनाए ।

किभ सहर सैन्य प्रशासनले जनाएअनुसार एयर डिफेन्सले राजधानीविरुद्ध सुरू गरिएका सबै ३२ वटै हवाइ आक्रमणलाई निस्तेज गरिएको बताएको छ । हवाई अवरोधका भग्नावशेषले केन्द्रीय शेभचेन्किभ्स्की जिल्लामा एउटा निजी कारलाई सामान्य क्षति पुगेको छ भने स्थानीय सबवेको सञ्चालनमा बाधा पुगेको छ ।

यसैगरी किभ क्षेत्रमा ड्रोन आक्रमणमा पूर्वाधार सुविधा क्षतिग्रस्त भएको किभ क्षेत्रीय सैन्य प्रशासन प्रमुख ओलेक्सी कुलेबाले टेलिग्राममा बताएका छन् । यद्यपि, रुसी आक्रमणबाट राजधानी र किभ क्षेत्रमा कुनै हताहतीको भने भएको छैन ।

रुसले जम्माजम्मी ४५ लडाकू ड्रोन प्रक्षेपण गरेको छ । त्यसमध्ये ३२ वटा आइतबार मध्यरातपछि र शनिबार अबेर राति १३ वटा प्रहार गरिएको थियो । यद्यपि, ती सबैलाई युक्रेनको हवाइ रक्षाले खसालेको युक्रेनी सशस्त्र सेनाको वायुसेना कमाण्डले जनाएको छ । *रासस/सिन्ह्वा*

## राष्ट्रिय सभाको उपनिर्वाचन...

पृष्ठ १ बाट जारी

निर्वाचन कानुनका विषयलगायत समसामयिक विषयमा छलफल तथा परामर्श भएको आयोगले जनाएको छ ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राष्ट्रिय सभामा लुम्बिनी प्रदेशबाट निर्वाचित सदस्य खिमलाल भट्टराई (अन्य समूह) को २०७९ असोज २३ मा राजीनामा स्वीकृत भई रिक्त पदको उपनिर्वाचन गर्ने, वर्तमान राष्ट्रपतिको पदावधि २०७९ फागुन २८ गतेसम्म हुने भएकाले सो अगाडि राष्ट्रपति पदको निर्वाचन र राष्ट्रपतिको निर्वाचन भएको १५ दिनभित्र उपराष्ट्रपति पदको निर्वाचन सम्पन्न गराउनुपर्ने अवस्था रहेको अवगत गराए ।

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६१ मा कुनै सदस्यको पदावधि छ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले पद रिक्त भएमा बाँकी अवधिका लागि रिक्त भएको मितिले ३५ दिनभित्र गर्नुपर्ने हुन्छ । यसैगरी आयोगका तर्फबाट तयार भएको निर्वाचनसँग सम्बन्धित एकीकृत निर्वाचन कानुनको मस्यौदा सरकारमार्फत संघीय संसद्को पहिलो अधिवेशनमा पेस गर्ने तयारीमा आयोग जुटेको व्यहोरासमेत जानकारी गराइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले जानकारी दिए ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAHA VILLAGE PROPERTIES LLC

पूर्व स्वीकृति मिति २०७८/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१८ | LT. No. 249610 | चलानी नं. ६०१६६७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 900 | ३२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Porter | 30 | 0 | 1000 | ३५,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NEPAL GATE WAY OVERSEAS PVT.LTD. Govt. License 759/064/065

Basundhara, Kathmandu, Nepal, Tel.- +977-1-4360924, 4360853, Fax: 4361050



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL RWAFAA TRADING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०७९/०९/१८ | LT. No.278777 | चलानी नं. ६०१९४२३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ६५,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 3 | Labour | 4 | 0 | 1000 | ३६,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.

Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795

E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com

श्रम ईजाजत नं. ४४८/०६०/०६१



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ENG HENG MARKETING SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०९/१८ | LT. No. 278637 | चलानी नं. ६०१९४२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Sales | 30 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २० गते (4th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9862433489



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LABAQA CO. FOR THE DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०७९/०७/२२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१८ | LT No :274801 | चलानी नं. ६०१९०७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messenger | 2 | 0 | 135 | ५८,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ganapati Overseas Pvt.Ltd.

Sinamangal -9 Kathmandu, Tel : 01- 4110082, 9808865846, Email: career ganapati@gmail.com

श्रम ईजाजत नं. २५८/०५८/०५९



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUTUAL WAY DEVELOPMENT & CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/१८ | LT. No. 278598 | चलानी नं. ६०१९४२३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation | 6 | 0 | 1500 | ४४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.

सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,

Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

श्रम ईजाजत नं. ३१७/०५९/०६०



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FINE QUALITY TIMBER SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१८ | LT. No. 231166 | चलानी नं. ६०१५३७९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Production Operator | 25 | 0 | 1200 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २६ गते (10th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

DREAMLAND MANAGEMENT PVT.LTD.

(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)

Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).

Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392

Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २४२ पौष १८ गते २०७९ मा प्रकाशित भएको **Mansur Manpower Pvt.ltd.** को Lot No. **278508** को Elham Nasser Abdullah Abu Sarhad Contracting Est को विज्ञापनमा **Kitchen Helper** र **Waiter** को salary SAR.1000/1100 (ने.रु. ३५,१५० र ३८,५७०) हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको गरिएको जानकारी गराईन्छ ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal

Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com



## निर्माण सम्बन्धी बोलपत्र आव्हान

यस राईट टु स्टडी नेपाल नामक गै.स.संस्थाले विद्यालयको पुर्वधार विकास २०२२/२३ परियोजना अन्तर्गत विद्यालय संरचना मर्मत तथा निमार्ण गर्ने हेतु यि निम्न ४ विद्यालय छनौट गरिएको छ । उक्त विद्यालय अन्तर्गत श्री सुर्योदय बाल विकास आ. वि इमाडोल, महालक्ष्मी न.पा-३ ललितपुर बागमती रु २१,३९,११६/४१, श्री सन्तुदेवी राष्ट्रिय प्राथमिक विद्यालय, परासी, गण्डकी, प्रदेश २, लागत रु १३,३५,४३९/३३, श्री त्रिभुवन बाल माध्यामिक विद्यालय, कावासोती १७, ढोकी, गण्डकीमा लागत रु १९,१४,९९०/३८, नवलपरासी, किसान आधारभूत विद्यालय, धनपालथान गाँउपालिका-०५, मोरङ, प्रदेश न १ लागत रु ३२,४६,७५८/९१ जम्मा लागत कुल रु ८६,३५,४०५/०३ बजेट विनियोजन गरेको छ । इच्छुक ईजाजत प्राप्त घ वर्गको निर्माण व्यवसायी (कम्पनि तथा फर्म) ले इच्छुक स्थान वा सबै स्थानको लागि बोलपत्र दर्ता गर्ने यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फर्मको आवश्यक कागजात लगायत आ.व २०७८/७९ को करचुक्ता सहित भवन निर्माणको Blueprint हेर्न तथा सो को न्युन्तम मुल्याकंन कायम गरि सिलबन्दी बोलपत्र दर्ता गर्न आव्हन गरिन्छ । आवश्यक जनकारीको लागि यस सस्थाको ईमेल मार्फत ***nepalright2study@gmail.com*** जानकारी लिन सकिने छ ।



## बूढानीलकण्ठ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हात्तिगौडा, काठमाडौं

बागमती प्रदेश

प्रकाशित मितिः २०७९/०९/१९

### बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना ।

यस कार्यालयको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपसिल कार्यहरुको मूल्याकंन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि.नं | ठेक्का नं | बोलपत्रदाताको नाम र ठगाना | कबोल अंक |
|---|---|---|---|
| १. | NCB/BNP/CW/079_080/02 | न्यू बेन्जामिन निर्माण सेवा, कोटेश्वर-३२, काठमाण्डौं | १,०८,०१,१७६।६२ (मु.अ.क र PS बाहेक) |
| २. | NCB/BNP/GW/079_080/04 | Himmcom International, Newroad-Kathmandu | ६१,५२,६५४।८१ (मु.अ.क बाहेक) |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०१७०० | प्रति तोला – १००१२०० | प्रति तोला – १४०० |

# उद्योगीमैत्री नीति आवश्यक छ : *व्यवसायी*

■ प्रभाव संवाददाता

**भैरहवा–** कोरोना महामारीमा लागू भएको बन्दाबन्दीका कारण कैयन उद्योग तथा व्यवसाय प्रभावित भए । बन्दाबन्दीका कारण केही उद्योग बन्द समेत भएका थिए । कोरोना महामारीका कारण प्रभावित उद्योग व्यवसाय अझै पनि पुरानै लयमा फर्कन सकेका छैनन् ।

यसैबीच नेपाल राष्ट्र बैंकले चालु पुँजी कर्जामा कडाइ गरेपछि यहाँका उद्योगी व्यवसायी रुष्ट बनेका छन् । राष्ट्र बैंकले जारी गरेको उक्त मार्गदर्शन र बैंकहरूले बढाएको कर्जाको ब्याजदर विरूद्ध यहाँका उद्योगी व्यवसायीले लुम्बिनी प्रदेशमा आन्दोलन सुरु गरेका छन् । चालु पुँजी मार्गदर्शन तथा बैंक एवं वित्तीय संस्थाको नीति अव्यावहारिक भएको उनीहरूको दाबी छ । उनीहरूले उक्त नीतिविरुद्ध बुटवलमा हस्ताक्षर अभियान नै चलाएका छन् ।

बुटवल उद्योग वाणिज्य सङ्घ, रूपन्देही उद्योग सङ्घ, रूपन्देही व्यापार सङ्घ, उद्योग व्यापार सङ्घ बुटवल, होटल तथा रेष्टुरेन्ट व्यवसायी सङ्घ, सिद्धार्थ उद्योग वाणिज्य सङ्घ र उद्योग व्यापार सङ्गठन रूपन्देहीलगायतका संस्थाले आन्दोलनस्वरूप धर्ना, विरोध र्‍यालीजस्ता कार्यक्रम गरेका छन् । आर्थिक संकटका कारण कर्जाको ब्याज समेत बुझाउन नसक्ने अवस्था सिर्जना भएको व्यवसायी गोविन्द ज्ञवालीको भनाइ छ ।

मार्गदर्शनमा फर्म/संस्था/कम्पनीलाई एक वा एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कूल रु दुई करोड वा सोभन्दा कम रकमको चालु पुँजी कर्जाको सीमा निर्धारण गर्दा अनुमानित वार्षिक कारोबार/बिक्रीको अधिकतम २० प्रतिशतले हुन आउने रकमसम्म मात्र कूल चालु पुँजी कर्जा सीमा कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यस्तो कर्जाको अवधि एक वर्ष वा सोभन्दा कम हुनुपर्ने र यस्तो कर्जा सीमा नवीकरणयोग्य हुने व्यवस्था छ । चालु पुँजी कर्जामा सीमा तोकिदिएपछि उद्योगी व्यवसायीले बैंकबाट ऋण लिनसमेत नसकेको बुटवल उद्योग वाणिज्य सङ्घका अध्यक्ष उज्वलप्रसाद कसजुले बताए । उक्त मार्गदर्शनमा भएका व्यवस्था विरुद्ध नेपाल उद्योग वाणिज्य महासङ्घ लुम्बिनी प्रदेशले हस्ताक्षर संकलनका साथै आन्दोलनका कार्यक्रम सञ्चालन गरिरहेको छ । यही पुस २१ सम्म प्रदेशका १२ वटै जिल्लामा आन्दोलनका कार्यक्रम सञ्चालन हुने प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले जानकारी दिए ।

'अधिकांश उद्योग व्यवसायमा बैंकको ऋण लगानी छ, कोरोनाका कारण व्यवसाय लयमा फर्कन नसक्दा ब्याजसमेत बुझाउन समस्या भएको अवस्थामा राष्ट्र बैंकले ल्याएको उक्त नीतिका कारण थप समस्या सिर्जना भएको छ', सिद्धार्थ उद्योग वाणिज्य सङ्घ भैरहवाका महासचिव विजय पाण्डेले भने, 'सरकारले उद्योग व्यवसायमैत्री नीति ल्याउनु आवश्यक छ ।'

व्यवसायीले समयमै ब्याज नबुझाउँदा बैंकका कर्मचारी किस्ताका लागि घरमै आउने थालेको उहाँको भनाइ छ । अहिले ऋणको किस्ता तिर्नसक्ने अवस्था नभएकाले कर्जाको सीमा बढाउन उद्योगी व्यवसायीले माग गरिरहेका छन् । उद्योग व्यापार सङ्गठनका अध्यक्ष अनिल ज्ञवालीले कर्जाको ब्याजदर एकल अंकमा झार्नुपर्ने बताए ।

अहिले उद्योग व्यवसाय बन्द हुन नदिइ टिकाउन आवश्यक रहेकाले सरकारले नयाँ नीति ल्याउनुपर्ने व्यवसायीहरूको भनाइ छ । 'उद्योग व्यवसाय समस्यामा परेको समयमा सरकारले अभिभावकत्व प्रदान गर्नुपर्छ', नेपाल चेम्बर अफ कमर्श लुम्बिनीका अध्यक्ष टंकप्रसाद पोखरेलले भने ।

उनले सरकारले पुँजीगत खर्च पनि बढाउन आवश्यक रहेको बताए । तत्कालका लागि बैंकको ब्याज तिर्ने समय थप गर्ने, ब्याजदर घटाउने र पुँजीगत खर्च बढाउने हो भने समस्या समाधान हुने पोखरेलको भनाइ छ ।

उद्योग वाणिज्य महासङ्घका सदस्य महेन्द्रकुमार श्रेष्ठले समस्या समाधान हुनुपर्ने बताए । उनले यही अवस्था रहे थप समस्या सिर्जना हुने बताए ।

नेपाल राष्ट्र बैंकका सूचना अधिकारी नारायणप्रसाद पोखरेलले बैंक तथा वित्तीय संस्थाले कुनै पनि कम्पनीलाई चालु पुँजी कर्जा दिँदा कम्पनीको चालु सम्पत्तिको परीक्षण तथा मूल्यांकन गरी कम्पनीको क्षमताका आधारमा वार्षिक कारोबारको अधिकतम २० प्रतिशत मात्र दिन पाइने व्यवस्था भएको बताए । उनले व्यवसायीको असन्तुष्टिलाई लिएर राष्ट्र बैंकले छलफल गरिरहेको बताए ।

# निर्माणको काम समयमै सक्न व्यवसायीलाई अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता



**काठमाडौं–** तोकिएको समय र लागतमा नै विकास आयोजनाहरूको काम पूरा गर्न अर्थमन्त्री विष्णु पौडेलले निर्माण व्यवसायीलाई आग्रह गरेका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघले सोमबार उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेसँग अलग-अलग भेटी निर्माण उद्योगका समसामयिक समस्याहरूबारे जानकारी गरेको छ ।

निर्माण उद्योग सक्षम तथा सबल हुनुपर्ने भन्दै अर्थमन्त्री पौडेलले निर्माण व्यवसायीहरूसँग समस्या बारे छलफल गर्न सरकार तयार रहेको बताएका छन् । उनले यसै क्रममा तोकिएको लागत तथा समयमा नै गुणस्तरीय काम पूरा गर्न निर्माण व्यवसायीहरूलाई सुझाव दिएका छन् । यस्तै अर्थमन्त्री पौडेलले पूर्वाधार निर्माण नै समृद्ध मुलुकको आयाम भएको बताएका हुन् ।

त्यस्तै, गृहमन्त्री लामिछानेले निर्माण उद्योगको समस्याबारे आफू जानकार रहेको बताउँदै निर्माण व्यवसायीहरूका समस्याबारे अध्ययन गरी समाधान खोजिने बताएका छन् ।

महासंघ अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलसँगका भेटमा लामिछानेले आवश्यक अध्ययन गरी निर्माण उद्योगको समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

अध्यक्ष सिंहले आर्थिक अभावका कारण निर्माण उद्योगले चरम संकट झेलिरहेको बताएका छन् । सार्वजनिक खरिदको कानुन अनुसार निर्माण व्यवसायीहरूले पाउनुपर्ने २० प्रतिशत मोबिलाइजेसन रकम उपलब्ध गराउन अध्यक्ष सिंहले अर्थमन्त्री पौडेललाई आग्रह समेत गरेका छन् । निर्माण सम्पन्न भएका परियोजनाहरूको समेत भुक्तानी नपाउँदा निर्माण व्यवसायीहरू चर्को आर्थिक मारमा परेको अध्यक्ष सिंहको भनाइ छ ।

यसैगरी धरौटी रकम फिर्ता सहज रूपमा हुने व्यवस्था मिलाउनु पर्ने उनले बताएका छन् ।

# नेप्से परिसूचक निरन्तर उकालो

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि दोहोरो अंकले उकालो लागेको छ । पछिल्ला दिनमा लगातार उकालो लागेको नेप्से परिसूचकले सोमबार पनि त्यही लय पछ्याएको हो ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १७ दशमलव ५६ अंकले उकालो लागेर दुई हजार ६३ दशमलव ८३ मा पुगेको छ । यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८८ अंकले उकालो लागेर तीन सय ९४ दशमलव ८९ अंकमा पुगेको छ ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ भने १० उपसमूहको सेयर मूल्य वृद्धि भएको छ । कारोबार भएकामध्ये एक सय ६५ कम्पनीको सेयर मूल्य वृद्धि भएको हो । यस्तै ३९ कम्पनीको सेयर मूल्यमा गिरावट आउँदा सात कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन भएन ।

कूल ८२ लाख ७१ हजार तीन सय ५५ कित्ता सेयर रु दुई अर्ब ९६ करोड नौ लाख २७ हजार चार सय ४० मूल्यमा खरिद बिक्री भए । कारोबारका आधारमा नवील बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु १६ करोड ८४ लाख ५१ हजार दुई सय ८२ बराबरको कारोबार भयो । नेप्सेका अनुसार धौलागिरि लघुवित्त, सिर्जनशील लघुवित्त र खप्तड लघुवित्त सकारात्मक सर्किट लागेको छ । यस्तै अजोड इन्स्योरेन्स नौ दशमलब ९८ र प्रभु इन्योरेन्सका लगानीकर्ताले नौ प्रतिशतले कमाएका छन् ।

त्यस्तै एनएमबीका ५० लगानीकर्ताले चार दशमलब ८० प्रतिशतले गुमाए भने नेपाल दूरसञ्चार कम्पनीको चार दशमलव शून्य एक, नेपाल इन्भेस्टमेन्ट बैंकको ऋणपत्र तीन दशमलव ९६, नेपाल बैंक लिमिटेडको दुई दशमलव ५६ र तेह्रथुम पावर कम्पनीका लगानीकर्ताले दुई दशमलव ४५ प्रतिशतले गुमाएका छन् ।

## कर्पोरेट

### सन्राइज बैंकले जुम्लाबाट सुरु गर्‍यो डिजिटल वित्तीय साक्षरता कार्यक्रम



**काठमाडौं (प्रस)–** सन्राइज बैंकद्वारा जुम्लामा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । उद्योग वाणिज्य भवन जुम्लामा पौष १४ गते बिहिबार आयोजित एक कार्यक्रमका बीच बैंकका कार्ड तथा ईबैंकिङ्गका प्रमुख मनोज घिमिरे, ब्राण्ड व्यवस्थापन तथा सि.एस.आर प्रमुख सुमन थापा र जुम्ला शाखा प्रमुख खडक प्रसाद देबकोटाको उपस्थितीमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो । सो वित्तीय साक्षरता कार्यक्रममा १२० विद्यार्थी र स्थानिय जनताको सहभागिता रहेको थियो ।

अहिलेको समयमा विद्युतीय भुक्तानी कारोबारमा उल्लेख्य वृद्धि भइरहेको अवस्थामा डिजिटल कारोबारलाई थप प्रवर्द्धन र प्रोत्साहन गर्न बैंकले डिजिटल साक्षरता कार्यक्रमको सुरुवात जुम्लाबाट गरेको हो । डेबिट/क्रेडिट कार्ड, मोबाइल बैंकिङ्ग, मिस्डकल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, क्यूआर भुक्तानी लगायतका अत्याधुनिक बैंकिङ्ग उपकरणहरूको प्रयोगलाई बढावा दिँदै सर्वसाधारण जनतालाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहान गर्ने तथा सुरक्षित बैंकिङ्ग कसरी गर्ने भन्ने बारेमा जानकारी गराइएको थियो ।

सन्राइज बैंकले वित्तीय साक्षरताको अभावमा मानिसहरूले असुरक्षित आर्थिक कारोबार गर्न नपरोस्, बैंक तथा वित्तीय क्षेत्रमा सम्पूर्ण व्यक्तिहरूको पहुच पुगोस्, डिजिटल कारोबारका बारेमा व्यक्तिहरू अभ्यस्त बनुन्, आफ्नो व्यवसायिक योजनालाई बैंकको सहायताले बढाउन सकियोस् र त्यसले व्यक्तिहरूको आर्थिक आर्जन बढाई उनीहरूको जीवनस्तर पनि बढाउन सकियोस् भन्ने उद्देश्य साथ देशव्यापी रूपमा वित्तिय साक्षरता कार्यक्रम गर्न लागेको बैंकले जनाएको छ ।

### ग्लोबल आइएमई बैंकको वार्षिकोत्सवमा देशव्यापी रक्तदान

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १६औं वार्षिकोत्सवको उपलक्ष्यमा देशव्यापीरूपमा बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

बैंक पौष १८ गते सोमबारदेखि स्थापनाको १६ वर्ष पुरा गरी १७ औं वर्षमा प्रवेश गरेको छ । यही अवसरमा बैंकले सोमबार नै देशका सातवटै प्रदेशमा एकैसाथ रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।




यस कार्यक्रमअन्तर्गत, प्रदेश १ को बिर्तामोड शाखा, झापा, मधेश प्रदेशको मिर्चैया शाखा, सिरहा, बाग्मती प्रदेशको कान्तिपथ शाखा, काठमाण्डौ, बाग्मती प्रदेशको भरतपूर शाखा, चितवन, गण्डकी प्रदेशको न्यूरोड शाखा, पोखरा, कास्की, लुम्बिनी प्रदेशको घोराही शाखा, दाङ, कर्णाली प्रदेशको सुर्खेत शाखा, विरेन्द्रचोक र सुदूरपश्चिम प्रदेशको चौराहा, धनगढी शाखा, कैलालीमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

देशभर आयोजित कार्यक्रममा ५१२ रक्तदाताहरूबाट २४२ लिटर रगत दान गरिएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाजपयोगी कार्यहरू मार्फत आम जनमानसलाई प्रत्यक्षरूपमा लावान्भित गर्दै आएको छ ।

लागुऔषध रहित परिवारः स्वस्थ जीवनको आधार

◆ लागुऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
◆ लागुऔषधको उत्पादन, सञ्चय, ओसार पसार, बिक्रीवितरण तथा सेवा कानुनतः दण्डनीय छ ।
◆ गैरकानुनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।

स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ